<u>प्राधिकरणको मिति २०७८/०३/२९ को निर्णय नं. ४५३९ बाट स्वीकृत</u>

# दूरसञ्चारका पूर्वाधार सहप्रयोग र सोको शुल्क निर्धारण सम्बन्धी बिनियमावली, २०७८

दूरसञ्चार पूर्वाधारमा भइरहेको अनावश्यक दोहोरो लगानीलाई न्यून गरी दूरसञ्चार सेवा सस्तो बनाउन, दूरसञ्चार पूर्वाधार छिटो छरितो रुपमा विस्तार गरी सेवा सर्वसुलभ बनाउन र वातावरणीय संरक्षण र सौन्दर्यका लागि दूरसञ्चारका पूर्वाधारको निर्माण तथा प्रयोगलाई व्यवस्थित गर्न दूरसञ्चार पूर्वाधारको सहप्रयोग सम्बन्धी व्यवस्था लागू गर्न वाञ्छनीय भएकोले, दूरसञ्चार ऐन, २०५३ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणले "दूरसञ्चारका पूर्वाधारको सहप्रयोग र सोको शुल्क निर्धारण सम्बन्धी बिनियमावली, २०७८" बनाई लागू गरेको छ ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. <u>**सक्षिप्त नाम र प्रारम्भः**</u> (१) यो बिनियमावलीको नाम "दूरसञ्चारका पूर्वाधारको सहप्रयोग र सोको शुल्क निर्धारण सम्बन्धी बिनियमावली, २०७८" रहेको छ ।

(२) यो बिनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषा:**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा:

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ सम्झनु पर्दछ ।

(ग) "प्राधिकरण" भन्नाले नेपाल दूरसञ्चार प्राधिकरण सम्झनुपर्छ ।

(घ) "दूरसञ्चार पूर्वाधारको सहप्रयोग" भन्नाले दूरसञ्चार सेवामा प्रयोग हुने दूरसञ्चार पूर्वाधार उपर स्वामित्व भएका अनुमतिपत्र प्राप्त ब्यक्तिले लागतमा आधारित मूल्यमा भेदभाव रहित शर्त तथा बन्देजका आधारमा त्यस्तो पूर्वाधार अन्य अनुमतिपत्र प्राप्त ब्यक्तिलाई संयुक्त रूपमा प्रयोग गर्न दिने व्यवस्थालाई सम्झनु पर्दछ ।

(ङ) "विशेष ठाउँ" भन्नाले सुरक्षा वा अन्य कारणले भौतिक निर्माणका काम गर्न नियन्त्रण गरिएको कारण दूरसञ्चार पूर्वाधार निर्माण गर्न कठीन हुने र पूर्वाधारको सहप्रयोग

आवश्यक हुने भनी नेपाल सरकारले तोकेका पुरातात्विक स्थल वा प्राचीन स्मारक स्थल र यस्तै प्रकारका विशेष ठाउँ सम्झनु पर्दछ ।

(च) "सेवा प्रदायक" भन्नाले ऐन बमोजिम दूरसञ्चार सेवा संचालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्नेछ।

## परिच्छेद- २

## सहप्रयोग गर्नुपर्ने दूरसञ्चारका पूर्वाधार तथा शुल्क सम्बन्धी ब्यबस्था

३. **सहप्रयोग गर्नुपर्ने दूरसञ्चारका पूर्वाधार:** (१) प्राधिकरणले विनियमावली बमोजिम सहप्रयोग गर्न सकिने दूरसञ्चारका पूर्वाधारहरु अनुसूची -१ मा तोकिए बमोजिम हुनेछ ।

(२) उपबिनियम (१) बमोजिम तोकिएका दूरसञ्चार पूर्वाधारको मात्र सहप्रयोग गर्न गराउन पाइनेछ ।

(३) सेवा प्रदायकले "पहिले आउनेलाई पहिलो सेवाका" आधारमा बिना भेदभाव आफ्नो दूरसञ्चार पूर्वाधार सहप्रयोगका लागि उपलब्ध गराउनुपर्नेछ ।

(४) उपबिनियम (३) बमोजिम उपलब्ध गराइएको दूरसञ्चार पूर्वाधार सहप्रयोगकर्ताले ३ महिनाभित्र प्रयोग गर्नुपर्नेछ । त्यसरी ३ महिनाभित्र प्रयोग गर्न नसकेमा उक्त दूरसञ्चार पूर्वाधार सहप्रयोग सम्बन्धी सम्झौता अन्त्य हुनेछ।

(५) दूरसञ्चार पूर्वाधारको स्वामित्व भएको सेवा प्रदायकले अन्य सेवा प्रदायकबाट प्राप्त सहप्रयोग सम्बन्धी अनुरोधलाई निषेध गर्ने वा कुनै किसिमले ढिलाई गर्ने गरी वार्ता, सम्झौता वा काम कारबाहीमा आलटाल गर्न पाउने छैन ।

(६) दूरसञ्चार सेवा सञ्चालनका लागि अनुमति प्राप्त ब्यक्तिलाई आफ्नो अनुमतिपत्रसँग सम्बन्धित क्षेत्र/स्थलभित्र मात्र दूरसञ्चारका पूर्वाधार सहप्रयोग गर्ने अनुमति दिइनेछ ।

४. **आपसी सहमतिमा दूरसञ्चार पूर्वाधारको सहप्रयोग गर्न सक्ने:** (१) कुनै दुई वा दुई भन्दा बढी दूरसञ्चार सेवा प्रदायकले आपसी सहमतिमा दूरसञ्चार पूर्वाधारको सहप्रयोग गर्न सक्नेछन्।

(२) उपबिनियम (१) बमोजिम सहमति गर्दा यस विनियमावली बमोजिम जारी भएका निर्देशन वा शर्त मापदण्डको अधिनमा रही आपसमा सहप्रयोग सम्बन्धी सम्झौता गर्नु पर्नेछ ।

(३) उपबिनियम (२) बमोजिम भएको सम्झौताको जानकारी सम्झौता गर्ने सबै पक्षले सम्झौता भएको पन्ध्र दिनभित्र प्राधिकरणलाई दिनु पर्नेछ ।

५. **<u>पूनः सहप्रयोग गर्न नपाइनेः</u>** कुनै पनि सेवा प्रदायकले पूर्वाधार सेवा प्रदायकवाट आफुले सहप्रयोगका लागि लिएको दूरसञ्चार पूर्वाधार अन्य सेवा प्रदायकलाई पूनः सहप्रयोग गर्न दिन पाइनेछैन ।

६. **<u>प्राधिकरणले सहप्रयोगको आदेश दिनेः</u>** (१) बिनियम ४ बमोजिम दूरसञ्चार पूर्वाधार सहप्रयोग सम्बन्धमा सहमति हुन नसकेमा सहमति हुन नसकेको व्यहोरा खुलाई प्राधिकरण समक्ष अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) उपबिनियम (१) बमोजिम निवेदन प्राप्त भएमा प्राधिकरणले जाँचबुझ गरी उपयुक्त आदेश दिनेछ ।

७. **<u>सहप्रयोगको शुल्क निर्धारण गर्नेः</u>** (१) कुनै पनि सेवा प्रदायकले आफुले सहप्रयोगका लागि प्रदान गर्ने दूरसञ्चार पूर्वाधार सहप्रयोगको शुल्क अनुसूची -१ मा उल्लेखित अधिकतम सीमा भित्र हुनु पर्नेछ ।

(२) कुनै पनि सेवा प्रदायकले आफुले सहप्रयोगका लागि प्रदान गर्ने दूरसञ्चार पूर्वाधार सहप्रयोगको शुल्कको बिबरण प्राधिकरणले मागेको बखत प्राधिकरणलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद- ३
## <u>बिबिध</u>

८. **<u>विवाद समाधान सम्बन्धी व्यवस्थाः</u>** (१) दूरसञ्चार पूर्वाधारको स्वामित्व भएको सेवा प्रदायक र दूरसञ्चार पूर्वाधार सहप्रयोगकर्ता बीच कुनै विवाद उत्पन्न भई आपसमा त्यस्तो विवाद समाधान गर्न पक्षहरु असमर्थ भएमा अनुसूची - ३ बमोजिमका ढाँचामा निबेदन दिन सक्नेछन ।

(२) उपबिनियम (१) बमोजिम कुनै पनि पक्षको निबेदन प्राप्त भएमा उक्त विवाद समाधानका लागि प्राधिकरणले एक विवाद समाधान उपसमिति गठन गर्नेछ ।

(३) उपबिनियम (२) बमोजिम गठित उपसमितिले विवाद समाधान सम्बन्धी प्रचलित कानून बमोजिम विवादको समाधान सम्बन्धी कार्य गर्नेछ ।

(४) उपबिनियम (३) बमोजिम विवाद समाधान सम्बन्धी प्राधिकरणबाट भएको निर्णयको जानकारी सम्बन्धित पक्षहरुलाई दिई प्राधिकरणको वेभसाइटमा समेत प्रकाशित गरिनेछ ।

९. **<u>सम्झौताको अन्त्य</u>:** (१) दूरसञ्चार पूर्वाधारको सहप्रयोगको लागि सेवा प्रदायकहरु बीच भएको सम्झौताको अन्त्य सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । सम्झौतामा उल्लेख नभएका बिषयमा सम्झौताको कुनै एक पक्षले अर्को पक्षलाई ३ महिनाको पूर्व सूचना दिई सम्झौताको अन्त्य गर्न सक्नेछ ।

(२) उपबिनियम (१) बमोजिम सम्झौताको अन्त्य गरेको बिषयमा चित्त नबुझ्ने पक्षले प्राधिकरण समक्ष कारण सहित अनुसूची - ३ बमोजिमका ढाँचामा निबेदन दिन सक्नेछ ।

(३) दूरसञ्चार पूर्वाधारको स्वामित्व भएको सेवा प्रदायकले एउटा सहप्रयोगकर्तासँग सम्झौताको अन्त्य गरी सोही पूर्वाधार सोही किसिमको सेवामा अर्को सेवा प्रदायकलाई सहप्रयोग गर्न दिने गरी सम्झौता गर्न पाउनेछैन ।

१०. **<u>उपलब्ध पूर्वाधारको विवरण सार्वजनिक गर्नुपर्ने</u>:** (१) प्रत्येक सेवा प्रदायकले दूरसञ्चार पूर्वाधारको सहप्रयोगका लागि उपलब्ध दूरसञ्चार पूर्वाधारहरुको विस्तृत जानकारी आफ्नो वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ । यस्तो विवरण मासिक रूपमा अद्यावधिक गर्नुपर्नेछ ।

(२) यो बिनियमावली लागू हुँदाका बखत दूरसञ्चार पूर्वाधार भएको सेवा प्रदायकले यो बिनियमावली लागू भएको तीन महिनाभित्र आफूसँग भएको पूर्वाधारको विवरण उपबिनियम (१) बमोजिम सार्वजनिक गर्नुपर्नेछ ।

# अनुसूची - १

## सहप्रयोग गर्न सकिने दूरसञ्चारका पूर्वाधारहरु

(बिनियम ३ को उपबिनियम (१) सँग सम्बन्धित)

दूरसञ्चार पूर्वाधार सम्बन्धी नियमावली, २०७४ बमोजिम सहप्रयोग गर्न सकिने दूरसञ्चारका पूर्वाधारहरु देहाय बमोजिम तोकिएको छ ।

**देहायः**

| क्र. सं. | सहप्रयोग गर्न सकिने दूरसञ्चारका पूर्वाधार | अधिकतम् शुल्क प्रति महिना (रु.) | |
|---|---|---|---|
| | | **RTDF Funded** परियोजनाको नेटवर्क | सेवा प्रदायकको आफ्नै नेटवर्क |
| | **Optical Fiber Network** | | |
| 1. | Fiber Port Charge per port | Rs. 220 | Rs. 315 |
| 2. | OLT Port B/W per Mbps (1-100Mbps) | Rs. 0.56 | Rs. 0.8 |
| 3. | Dark Fiber lease ADSS per Km per Core | Rs. 630 | Rs. 900 |
| 4. | Dark Fiber lease UG per Km per Core | Rs. 840 | Rs. 1200 |
| 5. | Dark Fiber lease Figure-8 per Km per Core | Rs. 420 | Rs. 600 |
| 6. | Point to Point Data per Mbps/Km (upto 100Mbps) | Rs.0.84 | Rs. 1.2 |
| 7. | Point to Point Data per Mbps/Km (100Mbps -500 Mbps) | Rs. 0.70 | Rs. 1.0 |
| 8. | Point to Point Data per Mbps/Km (500 MBps- 1 Gbps) | Rs 0.56 | Rs. 0.8 |
| 9. | Point to Point Data per Gbps/Km (1 Gbps -5 Gbps) | Rs. 115.5 | Rs. 165 |
| 10. | Point to Point Data per Gbps/Km (5 Gbps -10 Gbps) | Rs. 115.5 | Rs. 165 |
| 11. | Point to Point Data per Gbps/Km (Above 10Gbps) | Rs. 101.5 | Rs. 145 |

| | | | |
|---|---|---|---|
| 12. | Lambda lease up to 10 Gbps (per Km) | Rs 101.5 | Rs. 145 |
| **Wireless Network** | | | |
| 13. | Wireless SM Charge per port | Rs. 220.5 | Rs. 315 |
| 14. | AP B/W per Mbps (1-5Mbps) | Rs. 9.1 | Rs. 13 |
| 15. | Point to Point Data per Mbps/Km (1-10Mbps) | Rs 9.1 | Rs. 13 |
| 16. | Point to Point Data per Mbps/Km (10-50Mbps) | 7.7 | Rs. 11 |
| **Tower/ Shelter/Building/ Land** | | | |
| 17. | Tower (GBT) (Per Antenna) | Rs15,820 | Rs. 22,600 |
| 18. | Rent/Shelter/Building (Per Sq. Ft.) | Rs 70 | Rs. 100 |

# अनुसुची २

## पूर्वाधार सहप्रयोगका लागि दिइने निवेदनको ढाँचा

(विनियम ६ को उपविनियम (१) संग सम्बन्धित)

श्री नेपाल दूरसञ्चार प्राधिकरण

...................................................

दूरसञ्चार पूर्वाधार सहप्रयोगको लागि निम्न विवरणहरु खुलाई यो निवेदन गरेको छु ।

**१. निवेदक सम्बन्धी विवरणः**

(क) नाम, थरः

(ख) ठेगानाः

(ग) टेलिफोनः

(ङ) इमेलः

(च) सम्पर्क गर्ने व्यक्तिको

१. नाम,थर

२. ठेगानाः

३. टेलिफोन :

४. इमेल :

**२. निवेदकले प्राप्त गरेको सेवा संचालनको लागि अनुमतिपत्र सम्बन्धी विवरणः**

(क) अनुमतिपत्रको किसिमः

(ख) अनुमतिपत्र संख्याः

(ग) अनुमतिपत्र बहाल रहने अवधिः

(घ) अनुमतिपत्र प्रदान गर्ने निकाय र संस्थाः

(ङ) अनुमतिपत्र बमोजिम सञ्चालन गर्न पाउने सेवाः

**३. सहप्रयोग सम्बन्धमा भएको काम कारबाही सम्बन्धी विवरणः**

(क) दूरसञ्चार पूर्वाधारधनी वा अधिकारप्राप्त व्यक्तिः

(ख) दूरसञ्चार पूर्वाधार सहप्रयोगको लागि दूरसञ्चार पूर्वाधार पूर्वाधारधनीसँग कुनै अनुरोध गरेको भए सो को विवरणः

(ग) दूरसञ्चार पूर्वाधार पूर्वाधारधनी वा अधिकारप्राप्त व्यक्तिसँग सहमति भएका र नभएका विषयहरुः

४. **दूरसञ्चार पूर्वाधारको विवरणः**

(क) दूरसञ्चार पूर्वाधारको किसिमः

(ख) दूरसञ्चार पूर्वाधारको प्रयोगः

(ग) दूरसञ्चार पूर्वाधार रहेको स्थानः

(जिल्ला, नगरपालिका/गा.पा., वडा, ल्याटिच्यूड, लंगिच्यूड सहित)

(घ) दूरसञ्चार पूर्वाधार सहप्रयोग गर्ने अवधिः

(ङ) अन्य आवश्यक प्राविधिक विवरणः

५. **दूरसञ्चार पूर्वाधार सहप्रयोग गरे वापत बुझाउन प्रस्ताव गरेको शुल्कः**

६. **निवेदकले निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु**

(क) स्वीकृति लिन चाहने व्यक्ति भए नागरिकताको प्रतिलिपि

(ख) स्वीकृति लिन चाहने ब्यक्ति संगठित संस्था भए सो संस्थाको नाम र सो संस्थाको कानूनी स्थिति देखिने कागजात

(ग) निवेदकले सेवा संचालनको लागि प्राप्त गरेको अनुमति पत्रको प्रतिलिपी

(घ) प्रचलित कानून बमोजिम कुनै स्वीकृति आवश्यक पर्ने भए त्यस्तो स्वीकृति

सेवा संचालन तथा दूरसञ्चार पूर्वाधार सहप्रयोग गर्दा नेपाल सरकार वा प्राधिकरण लगायत सरोकारवाला निकायवाट प्रचलित कानून वमोजिम तोकिएको शर्त वन्देजको पूर्ण अधिनमा रहि कार्य गर्नेछु । उपरोक्त वमोजिम पेश गरेका विवरण एवं कागजात सत्य साँचो हो | झुठ्ठा ठहरिएमा प्रचलित कानून वमोजिम दण्ड सजायको भागीदार हुन मञ्जुर छु ।

आधिकारिक ब्यक्तिको हस्ताक्षरः

नामः

पदः

संगठित संस्था भए संस्थाको छापः

मितिः

# अनुसूची - ३

## बिबाद समाधानको लागि सेवा प्रदायकले पेश गर्ने निबेदनको ढाँचा

(बिनियम ८ को उपबिनियम (१) सँग सम्बन्धित)

श्री नेपाल दूरसञ्चार प्राधिकरण,
जमल, काठमाडौं ।

नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायक…………………………………….. र …………………………………….. बीच दूरसञ्चार पूर्वाधार सहप्रयोगको सम्बन्धमा देहाय बमोजिम बिबाद सृजना भएकोले उक्त बिबाद समाधानको लागि यो निबेदन पेश गरेको छु ।

**देहायः**

बिबादको बिबरणः
………………………………………………………………………………………………………
………………………………………………………………………………………………………
………………………………………………………………………………………………………

आधिकारिक व्यक्तिको हस्ताक्षरः
नामः
पदः
संगठित संस्था भए संस्थाको छापः
मितिः